# सर्वोच्च अदालतबाट जारी प्रेस विज्ञप्ती

*"पूर्वमन्त्री साहको घरमा अभद्र व्यवहार गर्ने कुँवर न्यायाधीशको फोनपछि रिहा"* भन्ने शिर्षक राखी हाम्रा कुरा hamrakura.com ले मिति २०७८।०३।२३ मा प्रहरीले कुनै अनुसन्धान नै नगरी सर्वोच्च अदालतका न्यायाधीश श्री बमकुमार श्रेष्ठको ठाडो आदेशमा पूर्वमन्त्री प्रभु साहको घरबाट पक्राउ परेकी दीपा के.सी. कुँरलाई हिरासतबाट मुक्त गरेको भनी प्रकाशित समाचारप्रति सर्वोच्च अदालतको गम्भीर ध्यानाकर्षण भएको छ।

प्रकाशित उक्त विषयमा कुनै सत्यता नरहेको र न्यायपालिकाको स्वच्छता एवं न्यायाधीशको मर्यादामा प्रतिकूल प्रभाव पार्ने गरी अतिरन्जित एवं भ्रामक समाचार प्रकाशन हुनु अत्यन्त दुःखद र खेदजन्य विषय हो। सत्य, तथ्य र यथार्थ अवस्था बुझ्दै नबुझी समाचार प्रकाशन गरिने यसप्रकारका कार्य पत्रकार आचारसंहिताको समेत प्रतिकूल भएकोले त्यसतर्फ सचेत हुन ध्यानाकर्षण गराउँदछौं। साथै यस्ता भ्रमपूर्ण र कपोलकल्पित समाचारको भ्रममा नपर्न सबैमा अनुरोध गर्दछौं। न्यायपालिकाको स्वच्छता, गरिमा र न्यायाधीशको मर्यादामा आँच आउने किसिमबाट प्रकाशित भएका तथ्यहिन, कपोलकल्पित र भ्रामक समाचार सच्याउन सम्बन्धित सबैको ध्यानाकर्षण गराउँदछौं।

मिति : २०७८।०३।२४

२०७८।३।२४

देवेन्द्र ढकाल

सहप्रवक्ता